राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक १४४ २०८२ पुस ११ गते शुक्रवार (26 Dec. 2025) पृष्ठ ४ मूल्य रू. ३।-

# राष्ट्रिय सभा चुनावमा मधेसवादी दलको अस्तित्वको परीक्षा



दैनिक समाचारदाता
काठमाडौं १० पुस । राष्ट्रिय सभा निर्वाचनका लागि दलहरू उम्मेदवार चयनदेखि अन्य आन्तरिक तयारीमा जुटेका छन् । क्षेत्र, जिल्ला तथा प्रदेश समितिले उम्मेदवार सिफारिस गरी केन्द्रमा पठाइरहेका छन्। माघ ११ गते राष्ट्रिय सभाका १८ सिटका लागि मतदान हुँदै छ।

हाल राष्ट्रिय सभामा तराईकेन्द्रित दलका चार जना सदस्य छन् । लोकतान्त्रिक समाजवादी पार्टी नेपालबाट शेखर सिंह तथा जनता समाजवादी पार्टी नेपालबाट मोहम्मद खालिद, मृगेन्द्रकुमार सिंह यादव र पूजा चौधरी राष्ट्रिय सभा सदस्य छन्। उनीहरूको पदावधि पनि माघमा सकिँदै छ। यी दलहरू आ-आफ्नो सिट कसरी जोगाउने भन्ने गृहकार्यमा लागेका छन्।

यसपटक डा. सीके राउत नेतृत्वको जनमत पार्टीले पनि राष्ट्रिय सभामा उम्मेदवारी दिने तयारी गरेको छ। यी तीनवटै दल आ-आफ्ना उम्मेदवारलाई कसरी जिताउने भन्ने आन्तरिक गृहकार्यमा जुटेका छन्। राष्ट्रिय सभाका लागि यी तीन दल मिले पनि एक सिट पनि जित्न सक्दैनन्। यी दलहरूले ठुला दलहरू कांग्रेस, एमाले र नेकपामध्ये कुनै न कुनै दलसँग तालमेल गर्नैपर्ने हुन्छ, त्यसका लागि यी दलहरूले गृहकार्य गरिरहेका छन्।

जसपा नेपालका महासचिव मोहम्मद लालबाबु राउतले राष्ट्रिय सभा चुनावका लागि आन्तरिक रूपमा गृहकार्य चले पनि ठोस रूपमा कसरी अगाडि बढ्ने भन्ने विषयमा छलफल गर्न बाँकी रहेको बताए। उनले भने, 'भोलि पार्टीको बैठक छ, त्यसमा राष्ट्रिय सभा चुनावका लागि छलफल हुन सक्छ।' हाल जसपा नेपालका तीन जना सदस्य राष्ट्रिय सभामा छन् र ती तीन सिट जोगाउने दाउमा जसपा नेपाल लागिपरेको छ।

कोशी प्रदेशमा जसपा नेपालको कुल मतभार १ सय २० छ भने मधेश प्रदेशमा १ हजार ९ सय २३ र लुम्बिनी प्रदेशमा ५३ मतभार मात्र छ। त्यस्तै लोसपा नेपालको मधेस प्रदेशमा ९ सय ३३ र लुम्बिनी प्रदेशमा २ सय ३५ मतभार छ। जनमत पार्टीको मधेस प्रदेशमा ७ सय ४६ र लुम्बिनी प्रदेशमा १ सय ५९ मतभार छ। यति मतभारले मात्र यी दलहरूले एक सिट पनि जित्न सक्ने देखिँदैन।

जनमत पार्टीका महासचिव चन्दन सिंहले दलहरूबिच छलफल चलिरहेको बताएका छन्। उनले भने, 'यसपालि जनमत पार्टीले पनि राष्ट्रिय सभामा आफ्नो उम्मेदवारी दिन्छ, त्यसका लागि मधेसवादी दललगायत अन्य ठुला दलहरूसँग पनि छलफल चलिरहेको छ।'

उनले मधेसवादी दलहरूबिच मोर्चाबन्दी भएकाले त्यहाँ पनि यस विषयमा छलफल हुने बताए।

लोसपा नेपालका महासचिव मनिष मिश्रले पनि राष्ट्रिय सभा चुनावका लागि संघीय लोकतान्त्रिक मोर्चामा टुंगो लगाएर त्यसपछि अन्य दलहरूसँग कुराकानी गर्ने बताए। उनले भने, 'राष्ट्रिय सभा चुनावमा एक्लै एक्लै गएर केही गर्न सकिँदैन, त्यसका लागि दलहरूबिच सहकार्य गर्नैपर्छ, त्यसका लागि आन्तरिक गृहकार्य चलिरहेको छ।'

२०७६ मा निर्वाचित भई आएका राष्ट्रिय सभा सदस्यहरूको पदावधि समाप्त भएर माघ माघ ११ गते राष्ट्रिय सभाको निर्वाचन हुन लागेको हो, जहाँ १९ मध्ये १८ जनाका लागि चुनाव हुनेछ। त्यसमध्ये कोशी प्रदेशबाट तीन जना, मधेस प्रदेशबाट चार जना, बागमती प्रदेशबाट दुई जना, गण्डकी प्रदेशबाट दुई जना, लुम्बिनी प्रदेशबाट तीन जना, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशबाट दुई-दुई जना निर्वाचित हुनेछन्।

राष्ट्रिय सभा चुनावमा सातवटै प्रदेशका ५५० जना प्रदेश सभा सदस्य र ७५३ स्थानीय तहका १ हजार ५ सय ६ जना प्रमुख तथा उपप्रमुखले भाग लिन पाउँछन्।


# निर्धारित मितिमै निर्वाचन हुन्छ : अर्थमन्त्री



दैनिक समाचारदाता
सिरहा १० पुस। अर्थमन्त्री डा. रामेश्वर खनालले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचन निर्धारित मितिमै हुने बताएका छन्। लहानस्थित रामकुमार शारडा उमाप्रसाद मुरारका प्रादेशिक अस्पताल लहानको जग्गा हस्तान्तरण तथा सम्मान कार्यक्रममा उनले निर्वाचन गराउन सरकार पूर्ण रूपमा तयार रहेको बताए। उनले भने, "सरकारले निर्वाचनको वातावरण बनाइसकेको छ, कसैको अफवाह र हल्लामा परेर भ्रममा नपर्न म आम नागरिकलाई आग्रह गर्छु।"
उनले वर्तमान सरकार जेनजी आन्दोलनपछि बनेको उल्लेख गर्दै यसको प्रमुख दायित्व निर्वाचन सम्पन्न गराउनु रहेको बताए। निर्वाचनपछि देशको अर्थतन्त्र पनि क्रमशः लयमा फर्किने विश्वास व्यक्त गरे ।कार्यक्रममा अस्पतालको ४७ वर्षदेखि रोकिएको जग्गा दर्ता प्रक्रिया हालै सम्पन्न भएको उल्लेख गर्दै उहाँले जेनजी आन्दोलनपछि बनेको सरकारले ४७ दिनमै एक करोड २४ लाख रुपैयाँ लाभकर मिनाहा गरी दाता मुरारका र शारडा परिवारको चाहना पूरा गरेको बताए। दाता परिवारका तर्फबाट मुरारीलाल मुरारका र पवनकुमार शारडाले वर्तमान सरकारका युवा तथा खेलकुदमन्त्री बब्लु गुप्ताले गरेको पहलबाट ४७ वर्षमा हुन नसकेको कार्य भएकोमा सरकारलाई धन्यवाद ज्ञापन गरे।

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि सम्पर्क
इमेल : sdainik99@gmail.com
मो.नं.: ९८५४०२०९२२


अब अनलाइनबाट बुकिङ्गको सुविधा



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020

इन्फ्लुएन्जा (फ्लू) बाट सुरक्षित रहौं।

*इन्फ्लुएन्जा (फ्लू) बाट बच्न:*

- नियमित रूपमा साबुन पानीले हात धुने गरौं।
- खोक्दा वा हाच्छ्यु गर्दा नाक, मुख रुमाल वा कुहिनोले छोपौं।
- जाडोमा टाउको, हातखुट्टा छोपिने गरी न्यानो कपडा लगाऔं।
- भिडभाड र बन्द ठाउँमा धेरै समय नबसौं।
- फ्लूका लक्षण (ज्वरो, खोकी, घाँटी दुख्ने, थकान) देखिए सावधानी अपनाऔं।
- सफा, ताजा र पोषिलो खाना खाऔं।
- बालबालिका, महिला, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति, गर्भवती तथा दीर्घरोगीको विशेष संरक्षण गरौं।
- स्वास्थ्यमा समस्या देखिए चिकित्सकको परामर्श लिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड



## सम्पादकीय

# तथ्यांकले चिच्याएको मधेशको दलित यथार्थ

राष्ट्रिय जनगणना २०७८ को तथ्यांक केवल संख्याको विवरण मात्र होइन, यो राज्यको ऐनामा देखिएको एउटा कठोर यथार्थ पनि हो । मधेश प्रदेशमा दलित समुदायको सामाजिक-आर्थिक अवस्था अत्यन्त कमजोर रहेको तथ्य सार्वजनिक हुनु कुनै नयाँ कुरा होइन । तर, पटक-पटक तथ्यांकले यही पीडा दोहोऱ्याइरहँदा पनि राज्यको संवेदनशीलता र नीति-निर्माणको गति किन उस्तै रहिरहेछ ? यही प्रश्न आज सबैभन्दा गम्भीर बनेको छ ।

जनकपुरधाममा सम्पन्न 'दलित समुदायको सामाजिक, आर्थिक तथा शैक्षिक तथ्यांकसम्बन्धी अन्तरसंवाद' कार्यक्रममा सार्वजनिक तथ्यांकले मधेश प्रदेशमा दलित समुदाय अझै पनि बाँच्नका आधारभूत पूर्वाधारबाट वञ्चित रहेको स्पष्ट देखाएको छ । ७७.९ प्रतिशत दलित समुदाय माटोको घरमा बस्न बाध्य छन् । १७.१ प्रतिशतले सुरक्षित खानेपानीको पहुँच पाएका छैनन् । २४.६ प्रतिशत अझै खुला दिसामुक्त क्षेत्रको परिधिभन्दा बाहिर छन् । आफ्नै सवारी साधन हुने दलित समुदाय केवल एक प्रतिशत हुनु आर्थिक हैसियतको दयनीय सूचक हो ।

यी तथ्यांकहरू केवल गरिबीको चित्रण होइनन्, यो पुस्तौंदेखि सुम्पिएको विभेदको परिणाम हो । मधेशमा दलित समुदायको जनसंख्या १६.६ प्रतिशत हुँदा पनि उनीहरू नीति, बजेट र प्राथमिकतामा किन सधैँ पछाडि पारिन्छन् ? आर्थिक सम्पन्नता सूचकांक ४०.७ प्रतिशतमा सीमित रहनु र उच्च सम्पन्नताको सूचीमा मात्र २.२ प्रतिशत दलित पर्नु राज्यको समावेशी विकास नीतिमाथि गम्भीर प्रश्न हो ।

चिन्ताको अर्को गहिरो पाटो बच्चा जन्माउने दर हो । दलित समुदायमा औसतभन्दा बढी–तीन सन्तानभन्दा बढी–जन्मदर हुनु केवल जनसंख्याको विषय होइन । यो शिक्षा, स्वास्थ्य, चेतना र राज्यको पहुँचसँग गाँसिएको संरचनात्मक समस्या हो । शिक्षा र रोजगारीमा पहुँच नहुँदा परिवार नियोजन, महिलाको स्वास्थ्य र सशक्तीकरणबारे चेतना सीमित हुनु स्वाभाविक हो । तर, यसलाई दोषका रूपमा दलित समुदायमाथि थोपर्ने प्रवृत्ति खतरनाक छ । प्रश्न समुदायको संस्कार होइन, राज्यको पहुँच र प्राथमिकताको हो ।

६८ वर्षभन्दा बढी आयु पुग्ने दलित समुदायको हिस्सा केवल ३.६ प्रतिशत हुनु उनीहरूको जीवनस्तर, स्वास्थ्य सुविधा र पोषण अवस्थाको भयावह सूचक हो । यो आँकडाले दलित समुदाय केवल गरिब मात्र होइन, छोटो आयु बाँच्न बाध्य समुदाय पनि हो भन्ने संकेत गर्छ । लोकतन्त्रको सार नागरिकको सम्मानित जीवन हो । तर, यस्ता तथ्यांकले लोकतन्त्रको आत्मा नै प्रश्नमा परेको देखिन्छ ।

कार्यक्रममा सहभागी वक्ताहरूले मधेश प्रदेशमा दलित समुदाय आर्थिक, सामाजिक र सांस्कृतिक सबै क्षेत्रमा पछाडि परेको स्वीकार गरे । तर, यो स्वीकारोक्ति मात्रै पर्याप्त छैन । विगतका दशकहरूमा दलित लक्षित नीति तथा कार्यक्रम प्रभावकारी हुन नसक्नुको जिम्मेवारी कसले लिने ? हरेक प्रतिवेदन सार्वजनिक भएपछि 'चिन्ता व्यक्त गर्ने' र 'गम्भीर हुनुपर्ने' अभिव्यक्ति दोहोरिने तर व्यवहारमा उही पुरानै अवस्था कायम रहनु राज्यको असफलता हो ।

मधेश प्रदेश सभामुख रामअशिष यादवले "दलित समुदाय शिक्षा क्षेत्रमा पहुँच नबढेसम्म लोकतन्त्र समृद्ध हुन सक्दैन" भन्ने टिप्पणी निकै सान्दर्भिक छ । शिक्षा नै सबै प्रकारका असमानताको मूल समाधान हो । तर, शिक्षा पहुँचको कुरा गर्दा केवल विद्यालय खोल्नु मात्र पर्याप्त हुँदैन । दलित बालबालिकाको विद्यालय टिकाउ, छात्रवृत्ति, पोषण, सुरक्षित वातावरण र अभिभावकको आर्थिक अवस्था पनि उत्तिकै महत्वपूर्ण हुन्छ । यी पक्षलाई बेवास्ता गरेर शिक्षा सुधार सम्भव छैन ।

राष्ट्रिय तथ्यांक कार्यालयले प्रस्तुत गरेको तथ्यांक 'सन्तोषजनक छैन' भन्नु आफैंमा ठूलो सन्देश हो । तथ्यांकले राज्यलाई ऐना देखाएको छ । अब प्रश्न ऐना फुटाउने कि अनुहार सुधार्ने ? समृद्ध मधेशको कल्पना दलित समुदायलाई पछाडि छोडेर सम्भव छैन । विकासका सडक, भवन र परियोजनाले मात्रै समृद्धि आउँदैन । मानव जीवनको गुणस्तर सुधार नै वास्तविक समृद्धि हो ।

यसर्थ, अब राज्यले दलित समुदायलाई दयाको दृष्टिले होइन, अधिकारको दृष्टिले हेर्नुपर्छ । लक्षित बजेट, शिक्षा र स्वास्थ्यमा विशेष लगानी, महिलामाथि केन्द्रित कार्यक्रम, रोजगारी सिर्जना र तथ्यांकमा आधारित नीति निर्माण आजको आवश्यकता हो । प्रतिवेदनलाई फाइलमा सीमित राख्ने हो भने अर्को जनगणनामा पनि उस्तै पीडादायी तथ्यांक दोहोरिनेछ ।

मधेशको दलित यथार्थ आज तथ्यांकमार्फत चिच्याइरहेको छ । अब पनि राज्य नसुन्ने हो भने यो केवल दलित समुदायको मात्र होइन, सम्पूर्ण लोकतान्त्रिक राज्य व्यवस्थाको असफलताको प्रमाण हुनेछ ।

# किन चाहिन्छ हामीलाई पहुँचयोग्य मतदान ?

♦दीक्षित अवस्थी

लोकतन्त्र प्रक्रिया मात्र होइन, सहभागिता यसको आत्मा हो। यसका निम्ति गरिने अभ्यास विधिसम्मत त हुनसक्छन्, तर नागरिक अनुपस्थित भए लोकतन्त्र खोक्रो, आत्माहीन हुन्छ। मताधिकार नागरिक र राज्य बीचको सबैभन्दा आधारभूत सम्बन्ध हो। त्यो सम्बन्ध कमजोर भए लोकतान्त्रिक संरचना आफैं कमजोर बन्छ। नेपाल अहिले यही मोडमा उभिएको छ।

लोकतन्त्रमा जनताले आफ्ना आकांक्षा जाहेर गर्ने सबैभन्दा सशक्त माध्यम निर्वाचन हो। नागरिकले स्वतन्त्र रूपमा मत जाहेर गर्न पाउनुपर्छ नै, सँगसँगै मतदानमा सहज पहुँच पनि हुनुपर्छ। यी दुवै शर्त पूरा नभएसम्म लोकतन्त्रले जनआकांक्षा प्रतिबिम्बित गर्न सक्दैन। पछिल्लो २०७९ सालको संघीय निर्वाचनमा करिब ६१ प्रतिशत मतदाता मात्र सहभागी भए। योग्य मतदातामध्ये करिब ४० प्रतिशत प्रक्रियाबाट बाहिर रहे। वैदेशिक रोजगारी र अन्तरजिल्ला बसोबासले मतदाता सहभागितालाई गहिरो रूपमा प्रभावित गरिरहेको छ। हामीले अन्य सार्वजनिक सेवा जस्तै मतदानलाई पनि झन्झटिलो र पहुँचभन्दा बाहिर राखेका छौं।

गैरजिल्ला मतदान र विदेशबाट मतदान सम्बन्धी व्यवस्थाको आवश्यकता केवल राजनीतिक माग होइन; यो आम नागरिकको अभिमत पनि हो। यही भावना सर्वोच्च अदालतको आदेशमा पनि प्रतिबिम्बित भइसकेको छ। तर आदेश कार्यान्वयन अझै अधुरो छ।

हिमाल र पहाडका धेरै जिल्लामा स्थायी बसोबास गर्ने जनसंख्या भन्दा बाह्य जिल्लामा शिक्षा वा रोजगारीका लागि बस्ने नागरिकको संख्या ठूलो छ। उनीहरूका लागि मतदानकै लागि निर्वाचन क्षेत्रमा पुग्नु कठिन हुन्छ। बिदा अभाव। यात्रा खर्च। समयको कमी। हिमाली क्षेत्रमा हिमपातको सम्भावना हुने समयमा गर्न लागिएको यो निर्वाचनमा त्यहाँको जनसंख्या तल्ला क्षेत्रमा अस्थायी रूपमा बसोबास गर्छ र फेरि मतदानबाट वञ्चित हुन्छ। यी सबै कारणले ठूलो संख्यामा नागरिक मतदानबाट बाहिरिन्छन्।

अर्को यथार्थ अझै गम्भीर छ। कतिपय अवस्थामा उम्मेदवार वा दलले सवारी साधनको व्यवस्था गरेर मतदातालाई गाउँसम्म पुऱ्याउने अभ्यास देखिन्छ। यस्तो व्यवस्थाले मत स्वतन्त्र रहँदैन। मतदान अधिकार प्रयोग जस्तो देखिए पनि राजनीतिक दबाबको जोखिम बढ्छ।

समानुपातिक निर्वाचनमा यसअघि नै निर्वाचन कर्मचारी र सुरक्षाकर्मीलाई कार्यरत स्थानबाट मतदान गर्ने व्यवस्था छ। संविधानका अनुसार पनि समानुपातिक प्रणालीमा सिंगो देश एक निर्वाचन क्षेत्र मानिन्छ। यही आधार आम नागरिकमा विस्तार गर्न असम्भव छैन। त्यति मात्र होइन पहिलो हुने निर्वाचित हुने प्रणालीमा पनि अहिले १६५ वटै निर्वाचन क्षरुेत्रमा गैर जिल्ला मतदानको मतपेटिका बन्दोबस्तीका दृष्टिले जटिल होला। प्रदेश राजधानी र महानगरहरू जहाँ अस्थायी मतदाताको घनत्व ज्यादा छ त्यहाँ यस्तो व्यवस्था गर्दा मतदाता न्याय र राज्यको सामर्थ्यका हिसाबले उपयुक्त र सन्तुलित प्रस्थानबिन्दु मान्न सकिन्छ।

विदेशबाट मतदान झनै उपेक्षित विषय बनेको छ। ४० लाखभन्दा बढी नेपाली विदेशमा छन्। रेमिट्यान्सले देश चल्छ। मत भने चल्दैन। यो असन्तुष्टि वर्षौंदेखि सुनिँदै आएको छ। स्वतन्त्र नागरिक राज्यले वैदेशिक रोजगारी वा अध्ययनमा रहेका आफ्ना नागरिकको आवाज सुन्नै पर्छ।

दूतावासमा मतदान केन्द्र स्थापना गर्न सकिन्छ। हुलाक मार्फत मतपत्र पठाउन सकिन्छ। सुरक्षित डिजिटल मतदान सम्भव छ। विकल्पको कमी छैन। प्रश्न राजनीतिक इच्छाशक्तिको हो।

वैदेशिक मतदानको अहिलेको मध्यमार्ग 'मक' वा 'डमी' निर्वाचन हुन सक्छ। माथिका तमाम तर्क गरिरहँदा वैदेशिक मतदानको तयारीका निम्ति रहेको समयको चाप र राज्यको यस विषयको उदासीनता यथार्थ हो। वैदेशिक निर्वाचनका विशेषज्ञहरूले पनि अन्य मुलुकहरुको अभ्यासको उदाहरण दिंदै एकैपल्ट सबै देशमा मतदान गरेको उदाहरण खासै छैन भनेका छन्। निर्वाचन गराउने निकायहरुले पनि विदेशी भूमिमा निर्वाचन सम्बन्धी कसुर भए कसरी निरुपण गर्ने भन्ने व्यावहारिक प्रश्न देखाएका छन्। त्यसैले प्रक्रियागत त्रुटि भइहाले राजनीतिक अर्थ नहुने तर आउने निर्वाचनका निम्ति व्युरोक्रेटिक अभ्यास भइरहने र पहुँच विस्तारका निम्ति थप समय र दबाब हुने बाटो उपयुक्त हुने देखिन्छ।

मतदाता सहभागिताको कमी वैचारिक समस्या होइन। यो व्यवस्थागत असफलता हो। जब सहभागिता घट्छ, निर्वाचित संस्थाको वैधता कमजोर बन्छ। ६१ प्रतिशत सहभागिताबाट बनेको संसद्ले १०० प्रतिशत जनसंख्यालाई प्रतिनिधित्व गर्छ भन्ने दाबी संरचनागत असन्तुलनको संकेत हो।

नेपालमा राजनीति आफैं नागरिकका लागि सहज छैन। निम्न मध्यम वर्गले मर्यादित तवरले राजनीति गर्न धान्नै नसक्ने अवस्था छ। निर्वाचनको प्रतिस्पर्धा निकै महँगो छ। जनप्रतिनिधिसँग भेट कठिन छ। नीति प्रक्रियामा प्रवेश सीमित छ। दल संरचना बन्द छ। तर मतदान भने नागरिकको अन्तिम सहारा हो। त्यो सहारा समेत पहुँच बाहिर रहँदा लोकतन्त्र कागजमै मात्र सीमित हुन्छ।

महिलाको सन्दर्भमा समस्या अझ गहिरो छ। शहरमा बसोबास गर्ने परिवारबाट राजनीतिक दलले प्रायः पुरुषलाई गाउँ लगेर मतदान गराउँछन्। गाडी, खर्च, व्यवस्थापन। सबै तयार हुन्छ। महिला भने शहरमै बस्न बाध्य हुन्छन्। बच्चाको हेरचाह। कामको दबाब। सुरक्षाको प्रश्न। परिणाम स्पष्ट छ। महिला मताधिकार संरचनागत रूपमा खोसिएको छ।

गैरजिल्ला मतदानको अभावले पुरुषको मतलाई प्राथमिकता दिन्छ। महिलाको राजनीतिक उपस्थितिलाई पृष्ठभूमिमा धकेल्छ। शहरमा बस्ने लाखौं महिला गृहिणी, कामकाजी, विद्यार्थी मतदान प्रक्रियाबाट बाहिरिन्छन्। नागरिकता कागजमा सीमित हुन्छ। राजनीतिक हैसियत कमजोर बन्छ।

गैरजिल्ला मतदान शुरु भएको दिनदेखि महिला मताधिकार पुनर्स्थापित हुन थाल्छ। महिला जहाँ बस्छिन्, त्यहीं मतदान गर्न पाउँछिन्। सहभागिता बढ्छ। प्रतिनिधित्व सुदृढ हुन्छ। लोकतन्त्र संरचनागत रूपमा समावेशी बन्छ।

मतदान सार्वजनिक सेवा हो। यो औपचारिक प्रक्रिया मात्र होइन; नागरिकले राज्यसँग गर्ने आवधिक संवाद हो। समीक्षा हो। म्याण्डेट हो। मतदान अवरोधपूर्ण हुँदा संवाद अवरुद्ध हुन्छ। लोकतन्त्र कागजमा मात्र रहन्छ। नागरिक जीवनमा कमजोर हुन्छ।

मतदाता नामावली र राष्ट्रिय परिचयपत्र एकीकृत भएपछि दर्ता प्रक्रियामा उल्लेखनीय सुधार आएको छ। कागजी झन्झट घटेको छ। दोहोरो दर्ता कम भएको छ। दर्ता दर दोब्बर भएको छ। यसले देखाउँछ कि पहुँच बढ्दा सहभागिता बढ्छ।

नेपाल जति गतिशील समाज बनेको छ, मतदान व्यवस्था अझै स्थिर छ। कठोर छ। पुरातन छ। गैरजिल्ला मतदान अब विकल्प होइन; समयपरक आवश्यकता हो। विश्वका धेरै देशमा यस्तो व्यवस्थाले उल्लेखनीय सहभागिता बढाएको छ। राज्य र नागरिकको सम्बन्ध बलियो बनाएको छ। नेपालमा यसको प्रभाव अझ ठूलो हुनेछ र पछिल्लो नवयुवा विद्रोह पछि त यसको सान्दर्भिकता झन् बढेको छ।

कुल गार्हस्थ्य उत्पादनको करिब ३० प्रतिशत योगदान गर्ने प्रवासी समुदायलाई मताधिकार नदिनु लोकतान्त्रिक अपमान हो। फिलिपिन्स र मेक्सिकोका उदाहरण स्पष्ट छन्। वैदेशिक मतदानले राज्यप्रति विश्वास बढाउँछ। नीतिगत उत्तरदायित्व बलियो बनाउँछ।

विदेशमा रहेका नागरिकलाई मताधिकार दिन अब धेरै ढिलो भइसकेको छ। निर्वाचन आयोगका आफ्नै प्रतिवेदनले सम्भाव्यता देखाएका छन्। त्यसपछि पनि काम अघि नबढ्नु गम्भीर प्रश्न हो। त्यसैले अब यसलाई पनि कालान्तरमा स्थापित गर्ने गरी 'डमी' इलेक्सन गरिहाल्नुपर्ने देखिन्छ।

पहुँचयोग्य मतदान सुविधा होइन; लोकतन्त्रको आधार हो। सहभागिता बढ्दा नीतिनिर्माण स्थिर हुन्छ। सार्वजनिक विश्वास बलियो बन्छ। शासन सुदृढ हुन्छ।

राजनीति पहुँचयोग्य नहुन सक्छ तर मतदान पनि पहुँचयोग्य नहुनु लोकतन्त्रले सहन सक्दैन। मताधिकार नागरिकको आवाज हो। राज्यको दिशा तय गर्ने साझा शक्ति हो। त्यसैले पहुँचयोग्य मतदान सुधार मात्र होइन; यो राज्य र नागरिक बीचको सामाजिक अनुबन्धनको नयाँ अध्याय हो।

*अवस्थी तर्कशाला (सिभिक स्पेस नेपाल)का सहसंस्थापक हुन्।*

# आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |



# एआई धेरै प्रयोग गर्ने बानीले बनाउँदैछ दिमाग कमजोर

तपाईंले पछिल्लोपटक कुनै एआई च्याटबोटलाई केही काम गर्न भन्नुभएको थियो ? सायद तपाईंले त्यसलाई कुनै जटिल प्रश्नको उत्तरका लागि निबन्धको रूपरेखा बनाउन भन्नुभएको हुनसक्छ। अथवा कुनै ठूलो डेटा सेटको गहन विश्लेषण गर्न वा तपाईंले जागिरका लागि आवेदन गर्ने पत्र आफ्नो जागिरको विवरणसँग मिल्छ कि मिल्दैन भनेर जाँच गर्न पनि अह्राएको हुन सक्छ।

यसरी एआई च्याटबोटबाट आफूले चाहेको काम क्षणभरमा गराउन पाउँदा निकै मज्जा लाग्छ। तर यो शुभसंकेत भने होइन। वैज्ञानिकहरूका अनुसार यदि तपाईंले माथि उल्लेख गरिएजस्ता कामहरू आफैंले नगरेर एआईबाट गराउनुहुन्छ भने त्यो हानिकरक हुनसक्छ। यस्ता कामको जिम्मा एआईलाई दिंदा हाम्रो दिमागले कम मेहनत गर्न थाल्ने र त्यसबाट दिमाग भुत्ते बन्दै जाने वैज्ञानिकहरूको ठम्याइ छ।

दैनिक व्यवसायिक जीवनमा बौद्धिक तथा प्राज्ञिक हिसाबले आफैंले मेहेनत गर्नुपर्ने कामका लागि एआईको सहारा लिनाले मानिसको आलोचनात्मक सोच र समस्या समाधान गर्ने क्षमतामा पनि नकारात्मक असर पर्न सक्छ।

केही महिनाअघि म्यासाचुसेट्स इन्स्टिच्युट अफ टेक्नोलोजीले प्रकाशित गरेको एक शोधले निबन्ध लेख्नका लागि च्याटजीपीटी प्रयोग गरेका व्यक्तिहरूमा संज्ञानात्मक प्रक्रियासँग सम्बन्धित मस्तिष्कको गतिविधि सुस्त भएको देखाएको थियो।

अनुसन्धानकर्ताहरूका अनुसार यसले सिकाइ क्षमतामा सम्भावित गिरावटको गम्भीर चिन्तालाई उजागर गरेको छ।

यस अध्ययनमा ५४ जनालाई सहभागी गराइएको थियो र उनीहरूलाई एमआइटी र त्यस वरपरका विश्वविद्यालयहरूबाट छनोट गरिएको थियो। ती सहभागीहरूको मस्तिष्क गतिविधि रेकर्ड गर्नका लागि इलेक्ट्रोएन्सेफेलोग्राफीको प्रयोग गरिएको थियो। यस प्रक्रियामा टाउकोको छालामा इलेक्ट्रोडहरू जडान गरिन्छन्।

सहभागीहरूले एआईलाई निबन्धका प्रश्नहरूको सार तयार गर्ने, स्रोतहरू खोज्ने र भाषा तथा शैली सुधार्ने जस्ता कामहरू गराएका थिए।

एआईलाई विचारहरू उत्पन्न गर्न र तिनलाई व्यवस्थित गर्न पनि प्रयोग गरिएको थियो। यद्यपि केही प्रयोगकर्ताले त्यस्तो काममा एआई खासै प्रभावकारी नहुने धारणा राखेका थिए।

### *एआईले सहज बनाइदिन्छ उत्तरको खोजी*

कार्नेगी मेलोन विश्वविद्यालय र एआई प्लेटफर्म कोपाइलट निर्माता कम्पनी माइक्रोसफ्टले गरेको एक अर्को अध्ययनले एआईमा आवश्यकता भन्दा बढी निर्भर हुने मानिसमा समस्या समाधान गर्ने बौद्धिक क्षमता कमजोर हुन सक्ने तथ्य पत्ता लगाएको छ।

उक्त अध्ययनका क्रममा शोधर्ताहरूले ३१९ जना बौद्धिक श्रम गर्ने कर्मचारीहरूमा सर्भेक्षण गरेका थिए। ती कर्मचारीहरूले आफ्नो कामको क्रममा हप्तामा कम्तीमा एक पटक एआई प्रविधिको प्रयोग गर्थे।

त्यसक्रममा उनीहरूलाई एआई प्रयोग गर्दा आलोचनात्मक सोच कसरी अपनाउनुहुन्छ ? भनेर सोधियो। साथै सो अध्ययनमा एआईलाई दिइएका ९०० वटा फरक-फरक कार्यहरूको विश्लेषण गरिएको थियो। जसमा नयाँ निष्कर्ष निकाल्नका लागि डाटाको विश्लेषण गर्नेदेखि लिएर कुनै काम गर्दा तोकिएका नियमहरूमा खरो उत्रन्छ कि उत्रँदैन भन्ने जाँच पनि समावेश थियो।

सो अध्ययनले के देखायो भने- एआईको क्षमतामा बढी भर पर्ने मानिसहरूले आलोचनात्क चेतको प्रयोग कम गर्छन्।

शोधकर्ता भन्छन- हुनत जेनेरेटिभ एआईले कामको दक्षता बढाउन सक्छ। तर यसले कामसँग जोडिएको मानिसको गहन सोचलाई अवरुद्ध गर्न सक्छ। लामो समयसम्म एआई प्रविधि र उपकरणमा अत्यधिक निर्भर हुँदा मानिसको समस्या समाधान गर्ने क्षमतामा कमी आउन सक्छ।

यस्तै प्रकारको अर्को अध्ययन बेलायतमा स्कूले बालबालिकामाथि पनि गरिएको थियो। उक्त शोध गत अक्टोबरमा अक्सफोर्ड युनिभर्सिटी प्रेसले प्रकाशित गरेको थियो। सो अध्ययनले ६० प्रतिशत विद्यार्थीमा एआईको प्रयोगले उनीहरूको शैक्षिक क्षमतामा असर पारेको देखायो।

उल्लिखित अध्ययनहरूले डरलाग्दो परिदृश्य उदांगो पारिदिएका छन्। एआईको तीव्र रूपमा बढ्दो प्रयोगबीच एउटा टड्कारो प्रश्न उठेको छ। के एआइले हाम्रो संज्ञानात्मक अर्थात कग्नेटिभ क्षमतालाई कमजोर बनाउँदै छ ?

अक्सफोर्ड युनिभर्सिटी प्रेसकी जेनरेटिभ एआई विशेषज्ञ तथा शोधकर्ता डा. एलेक्जेन्ड्रा टोमेस्कु भने सबैमा यस्तै लागू हुनैपर्छ भन्ने नरहेको दाबी गर्छिन्। उनका अनुसार ९० प्रतिशत विद्यार्थीले एआई प्रयोगले उनीहरूको कम्तीमा एउटा शैक्षिक क्षमतामा सुधार गरेको बताएका छन्। तर एक चौथाइले चाहिँ एआईको प्रयोग जटिल रहेको भन्दै त्यसको सही प्रयोगका विषयमा मार्गदर्शन चाहेका छन्।

च्याटजीपीटीका प्रमुख स्याम अल्टम्यानका अनुसार च्याट जिपिटीका साप्ताहिक प्रयोगकर्ताको संख्या ८० करोडभन्दा बढी छ। च्याटजीपीटीले विद्यार्थीहरूका लागि १०० वटा प्रम्प्टहरूको एउटा सेट पनि जारी गरेको छ ताकि उनीहरूले यो प्रविधिको राम्रो उपयोग गर्न सकून्।

तर विज्ञहरू भने विद्यार्थीहरूलाई एआई उपकरण प्रयोग गर्न प्रोत्साहित गर्नुअघि यसले सिकाइमा पार्ने असरबारे अझ धेरै व्यापक शैक्षिक अनुसन्धान गर्नु आवश्यक रहेको बताउँछन्।

### *राम्रो नतिजा, तर सिकाइ कमजोर*

विज्ञहरूले एआईको अत्यधिक प्रयोगका कारण समयक्रममा उसको क्षमता र सीप कमजोर बन्दै जाने अवस्थालाई कग्निटिभ एट्रोफी नामाकरण गरेका छन्। प्रोफेसर वेन होम्सका अनुसार बिरामीको जाँच गर्नुअघि एक्सरे विश्लेषणका लागि एआई उपकरणहरूमा भर पर्ने रेडियोलोजिस्टहरूमा त्यो समस्या देखिएको छ।

हार्वर्ड मेडिकल स्कुलले प्रकाशित गरेको एउटा अध्ययनमा एआईको सहयोगले केही चिकित्सकहरूको प्रदर्शन सुधारिएको तर केहीको प्रदर्शन भने कमजोर भएको देखिएको थियो।

आखिर मानिस र एआई कसरी एकअर्कासँग मिलेर काम गर्छन् भन्ने कुरा बुझ्न थप अनुसन्धानको आवश्यकता रहेको शोधकर्ताहरूको भनाई छ। यसले त्यस्ता विधिहरू विकास गर्न सकिनेछ जसले मानिसको प्रदर्शनलाई नोक्सान नगरी सुधार गर्नेछ।

कतिपय विज्ञको चिन्ता के छ भने स्कुल वा विश्वविद्यालयका विद्यार्थीहरू आफ्ना कामका लागि एआईमा आवश्यकता भन्दा बढी निर्भर हुन सक्छन्। यसले गर्दा उनीहरूले शिक्षाबाट प्राप्त हुने आधारभूत सीपहरू विकास गर्न नपाउने खतरा छ।

एआईको सहयोगले कुनै विद्यार्थीको निबन्धले राम्रो अंक त ल्याउन सक्छ। के उसले यथार्थमा उक्त विषयमा पर्याप्त बुझाइको विकास गरेको हुन्छ त ? विज्ञका अनुसार एआई प्रयोगले विद्यार्थीको नतिजा त राम्रै देखिन सक्छ तर वास्तवमा उनीहरूको सिकाइ कमजोर हुँदै गएको छ।

### *च्याटजीपीटीका अधिकारी के भन्छन् ?*

च्याटजीपीटीको मातृ कम्पनी ओपनएआईमा अन्तर्राष्ट्रिय शिक्षा विभागकी प्रमुख जयना देवानीका अनुसार कम्पनी यस्तो बहसप्रति पूर्णरूपमा सजग छ। विद्यार्थीहरूले आफ्ना कामहरू च्याट जिपिटीबाट गराउनुपर्छ भन्ने पक्षमा आफूहरू कत्ति पनि नरहेको उनी बताउँछिन्। उनका अनुसार च्याटजीपीटीको सर्वोत्तम प्रयोग ट्यूटरको रूपमा गर्नुपर्छ न कि सिधै उत्तर दिने उपकरणको रूपमा।

उनका अनुसार च्याट जिपिटीमा रहेको स्टडी मोड सेटिङ प्रयोग गरेर विद्यार्थीहरूले च्याटजीपीटीसँग प्रश्नोत्तर गर्न सक्छन्। विद्यार्थीले सोधेको प्रश्नलाई च्याट जिपिटीले एकैपटकमा पूरा उत्तर दिनुको साटो भाग-भागमा विभाजन गरेर बुझ्न सहज हुनेगरी उत्तर दिन्छ।

च्याटजीपीटीको प्रयोग लक्ष्योन्मुख भएर तथा सोच-विचार गरेर गरियो भने त्यसले सिकाइ प्रक्रियालाई तिव्रता दिने दाबी उनको छ। *बीबीसीबाट*

# सोमबार जाँचबुझ आयोगमा गएर बयान दिन्छु: रमेश लेखक

दैनिक समाचारदाता

काठमाडौं, १० पुस। निवर्तमान गृहमन्त्री रमेश लेखकले आफू जाँचबुझ आयोगमा बयान दिन जाने बताएका छन्।



बिहीबार केन्द्रीय कार्यालय सानेपामा सञ्चारकर्मीसँग कुराकानी गर्दै उनले जाँचबुझ आयोगमा बयानका लागि जाने बताएका हुन्।

'भाद्र २३ र २४ गतेको घटनाबारेमा जाँचबुझ गर्न गठित आयोगले मलाई घटनाबारे जानकारी लिन बोलाएको छ। मैले आयोगमा जाने निर्णय गरेको छु,' लेखकले भने।

उनले भोलि (शुक्रबार) का लागि आयोगले बोलाएको तर आफू सोमबारमात्रै जाने बताए।

'उहाँहरूले भोलिलाई भनेर बोलाउनुभएको रहेछ। मैले सोमबार आउँछु भनेको छु। १४ गते सोमबार म जान्छु,' लेखकले भने।

# राष्ट्रिय सभाको अधिवेशन बोलाउन कांग्रेसको माग

दैनिक समाचारदाता

काठमाडौं, १० पुस। नेपाली कांग्रेसले राष्ट्रिय सभाको अधिवेशन बोलाउन माग गरेको छ।



बिहीबार कांग्रेस राष्ट्रिय सभा संसदीय दलको बैठक संसदीय दलको कार्यालय, सिंहदरबारमा बसेको थियो। उक्त बैठकले राष्ट्रिय सभाको अधिवेशन बोलाउन माग गर्ने निर्णय गरेको हो।

कांग्रेस राष्ट्रिय सभा संसदीय दलका प्रमुख सचेतक कृष्ण बहादुर रोकायका अनुसार देशमा बदलिएको राजनीतिक बिषम परिस्थीतिबारे छलफल भएको छ।

प्रतिनिधिसभा विघटन भएको अवस्थामा राष्ट्रिय सभाको बैठक बस्न आवश्यक भएको निष्कर्ष निकालिएको छ।

बैठकले गरेको निर्णयमा भनिएको छ, '...प्रतिनिधि सभा विघटन भएको अवस्थामा जनताका आवाजहरु उठाउने सार्वभौम संघीय संसद अन्तर्गत राष्ट्रिय सभा मात्र कायम रहेको हुँदा राष्ट्रिय सभाको बैठक बस्न आवश्यक भएकोले अबिलम्ब राष्ट्रिय सभाको अधिवेशन आह्वान गर्न सम्माननीय अध्यक्षज्यूलाई सम्बन्धित निकायसँग माग गर्न अनुरोध गर्ने यो बैठक निर्णय गर्दछ।'

२७ भदौमा प्रतिनिधिसभा विघटन भएको थियो। ३१ भदौमा राष्ट्रिय सभाको अधिवेशन पनि अन्त्य भएको थियो। प्रतिनिधिसभा विघटन भएर अर्को प्रतिनिधिसभाको निर्वाचनतर्फ मुलुक अगाडि बढेको छ।


तर, यसबीचमा राष्ट्रिय सभाको बैठक बस्न सक्ने भएपनि सरकारले अधिवेशन आह्वान गरेको छ। सरकारको सिफारिसमा राष्ट्रपतिले अधिवेशन आह्वान र अन्त्य गर्ने संवैधानिक व्यवस्था छ।

राष्ट्रिय सभाको अधिवेशन आह्वान नभएको विषयमा सभामुख देवराज घिमिरे लगायतले सार्वजनिक रुपमा समेत सरकारको ध्यानाकर्षण गर्दै आएका छन्।

२१ मंसिरमा सिंहदरवारमा आयोजित संसद् सेवा दिवससँग सम्बन्धित कार्याक्रमलाई सम्बोधन गर्दै उनले राष्ट्रिय सभाको अधिवेशन बोलाउन र राष्ट्रिय सभालाई प्रभावकारी बनाउन सरकारको ध्यानाकर्षण गरेका थिए।




## सप्तरीबाट राजेन्द्र महतोसहित छ जनाको सिफारिस



दैनिक समाचारदाता
राजविराज, १० पुस । राष्ट्रिय मुक्ति पार्टी नेपाल जिल्ला कार्य समिति सप्तरीले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ का लागि सप्तरी क्षेत्र नं. २ र ३ मा प्रत्यक्षतर्फका उम्मेदवारहरूको नाम सिफारिस गरेको छ ।
जिल्ला कार्य समितिका अनुसार क्षेत्रीय समितिबाट प्राप्त सिफारिसका आधारमा बैठकले उम्मेदवारको नाम टुङ्गो लगाएको हो । पार्टीले क्षेत्र नं. १ र ४ का उम्मेदवार सिफारिस भनेपछि गर्ने जनाएको छ ।
पार्टीले प्रतिनिधिसभा क्षेत्र नं. २ तर्फ राजेन्द्र महतो, केशव झा, संविधानसभा सदस्य महेशप्रसाद यादव र रिणा झालाई उम्मेदवारका रूपमा सिफारिस गरेको छ ।
त्यसैगरी प्रतिनिधिसभा क्षेत्र नम्बर ३ तर्फ चन्द्रकान्त चौधरी र गजेन्द्रकुमार मण्डलको नाम सिफारिस गरिएको जिल्ला अध्यक्ष दिपेन्द्रकुमार चौधरीद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख गरिएको छ ।
मुक्ति पार्टीका अध्यक्ष समेत रहनुभएका महतो सर्लाही जिल्लावासी हुनुहुन्छ ।
पछिल्लो प्रतिनिधिसभा निर्वाचनमा गृह जिल्लाबाट पराजित हुनुभएका महतोको नाम सप्तरीबाट सिफारिस गरेपछि निकै महत्त्वपूर्ण मानिएको छ । सप्तरीको सो क्षेत्रबाट पछिल्लो प्रतिनिधिसभा निर्वाचनमा जनमत पार्टीका अध्यक्ष डा. सिके राउत निर्वाचित हुँदा जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव पराजित हुनुभएको थियो ।


## जनकपुरधाममा साधुसन्तको विशाल प्रदर्शन

दैनिक समाचारदाता
जनकपुरधाम, १० पुस । बंगलादेशमा हिन्दु युवा दिपुचन्द्र दासको बर्बरतापूर्वक मुस्लिम अतिवादीहरुले गरेको हत्या विरुद्ध जनकपुरधाममा साधुसन्तहरुले विशाल विरोध प्रदर्शन गरेको छ ।



श्रीरामानन्दीय वैष्णव संघको आयोजनामा जानकी मन्दिरबाट शुरु भएको विरोध रैली मिल्स एरिया, भानु, शिवचौक हुदै जनकचोक पुगेर कोणसभामा परिणत भएको थियो ।
वैष्णव संघका अध्यक्ष एवं जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दासको नेतृत्वमा निस्केको रैलीका सहभागीहरुले विश्वका हिन्दु एक हो , दोषीमाथि कारबाहीको लागि कुटनीतिक पहल गर, बंगलादेश सरकार मुर्दावाद जस्ता नाराहरु लगाएको थियो ।
प्रदर्शन पछि आयोजित कोणसभालाई सम्बोधन गर्दै जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दासले बंगलादेशमा हिन्दुहरु माथि भइ रहेको बर्बरता तत्काल रोक्नका लागि कुटनीतिक पहल गर्न नेपाल सरकार संग माग गरे ।
दोषीलाई कडाभन्दा कडा कारबाही र अल्पसंख्यक हिन्दुहरु माथिको बर्बरता तत्काल नरोकिए नेपालमा रहेको बंगलादेशका दुतावास तत्काल फिर्ता गर्न समेत मांग गरेका छन ।
उनले नेपालमा बंगलादेशी रोहिङ्गियाहरु घुसपैठ गरिरहेको उल्लेख गर्दै अवैध घुसपैठ नरोकिए नेपालको अवस्था कमजोर तर्फ सचेत रहन आग्रह समेत गरे ।
प्रदर्शनमा हिन्दु सम्राट सेना, राष्ट्रिय एकता अभियान, हिन्दु समाज, विश्व हिन्दु परिषद लगायतका संघसंस्थाहरुको सहभागिता रहेको थियो ।

## ई-रिक्सा व्यवस्थापनका लागि पाँच सदस्यीय अध्ययन समिति गठन



दैनिक समाचारदाता
जनकपुरधाम, १० पुस । लामो समयदेखि जनकपुरधाम उपमहानगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका ई(रिक्साको व्यवस्थापन, सञ्चालन तथा दर्तासम्बन्धी समस्या समाधानका लागि पाँच सदस्यीय अध्ययन समिति गठन गरिएको छ ।
मधेश प्रदेश सवारी तथा यातायात व्यवस्था ऐनअनुसार जिल्लामा रहेको यातायात व्यवस्था समितिको आज जनकपुरधाममा बसेको बैठकले १५ दिनभित्र अध्ययन गरी सम्बन्धित निकायमा प्रतिवेदन पेश गर्ने गरी उक्त समिति गठन गरेको हो ।
धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलको अध्यक्षतामा जनकपुरधाममा बसेको बैठकले यातायात व्यवस्था कार्यालय धनुषाका प्रमुख धनञ्जयकुमार सिंहको संयोजकत्वमा पाँच सदस्यीय अध्ययन समिति गठन गरेको हो ।
समितिले बागमती प्रदेशको राजधानी हेटौंडा, कोशी प्रदेशको राजधानी विराटनगर तथा मधेश प्रदेशको वीरगञ्ज नगरक्षेत्रमा सञ्चालनमा रहेका ई(रिक्साको व्यवस्थापन, सञ्चालन तथा रुट इजाजतसम्बन्धी अभ्यासको अध्ययन गरी प्रतिवेदन तयार गर्नेछ ।
सो अध्ययन प्रतिवेदनको आधारमा जनकपुरधाममा ई(रिक्साको व्यवस्थापन प्रक्रिया अगाडि बढाइने यातायात व्यवस्था कार्यालय धनुषाका प्रमुख धनञ्जयकुमार सिंहले जानकारी दिनुभयो ।
समितिमा जनकपुरधाम उपमहानगरपालिकाका प्रतिनिधि, जिल्ला ट्रूाफिक प्रहरी कार्यालय धनुषाका प्रतिनिधि, ई(रिक्सा मजदुर युनियनका प्रतिनिधि तथा सदस्य(सचिवमा यातायात व्यवस्था कार्यालय धनुषाका एक जना अधिकृत रहने गरी पाँच सदस्यीय समिति गठन गरिएको छ ।
बैठकमा जनकपुरधाम उपमहानगरपालिकाका नगरप्रमुख मनोजकुमार साह, धनुषाका प्रहरी प्रमुख, धनुषा ट्रूाफिक प्रहरी प्रमुख, ई(रिक्सा मजदुर युनियनका प्रतिनिधि, रासस जनकपुरका प्रमुखलगायत सरोकारवालाहरूको सहभागिता थियो ।अत्यधिक ई(रिक्साका कारण जनकपुरधामको यातायात सञ्चालन तथा व्यवस्थापनमा समस्या देखिएको नगरप्रमुख साहले बताउनुभयो । यातायात व्यवस्था कार्यालय जनकपुरका अनुसार धनुषा जिल्लामा १० हजारभन्दा बढी ई(रिक्सा दर्ता भई सञ्चालनमा रहेका छन् ।

## सामाजिक सञ्जालमा आपत्तिजनक टिप्पणी गर्ने उपर कारबाहीको माग

दैनिक समाचारदाता
सप्तरी, १० पुस । सामाजिक सञ्जालमार्फत हिन्दु धर्मावलम्बीहरुविरुद्ध आपत्तिजनक टिप्पणी गरेको आरोप लगाउँदै तीन वटा संगठनले राजविराज निवासी अफरोज आलममाथि कानुनी कारबाहीको माग गरेका छन् ।



राष्ट्रिय बजरंग दल, हिन्दु सम्राट सेना र श्रीकृष्ण जन्माष्टमी रथयात्रा आयोजक समिति सप्तरीले बुधबार संयुक्त रुपमा जिल्ला प्रशासन कार्यालय सप्तरीमा प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेललाई ज्ञापनपत्र बुझाउँदै कारवाहीको माग गरेका हुन् ।
ज्ञापनपत्रमा राजविराज नगरपालिका वडा नम्बर १ रहमतपुर टोल निवासी अफरोज आलमले सामाजिक सञ्जालमार्फत भगवान् श्रीकृष्णलाई लक्षित गरी अत्यन्त अश्लील, अपमानजनक तथा घृणायुक्त अभिव्यक्ति सार्वजनिक गरेको आरोप लगाइएको छ ।राष्ट्रिय बजरंग दल सप्तरीका अध्यक्ष आकाश यादव (अमित), हिन्दु सम्राट सेना सप्तरीका अध्यक्ष सुरेन्द्र दास र श्रीकृष्ण जन्माष्टमी रथयात्रा आयोजक समिति सप्तरीका संयोजक अनिल यादवद्वारा हस्ताक्षरित ज्ञापनपत्रमा उक्त अभिव्यक्तिले सम्पूर्ण हिन्दु समुदायको धार्मिक भावना गम्भीर रुपमा आहत भएको उल्लेख गरिएको छ ।
ज्ञापनपत्रमा भनिएको छ, “भगवान् श्रीकृष्ण कुनै एक समुदायका मात्र नभई धर्म, मर्यादा, प्रेम, करुणा र मानव मूल्यका प्रतीक हुनुहुन्छ । यस्ता पवित्र आस्थामाथि गरिने तुच्छ टिप्पणीले करोडौं सनातनी श्रद्धालुहरूको भावना आहत हुनुका साथै समाजमा धार्मिक सद्भाव बिगार्ने प्रयास भएको छ ।”
नेपालको संविधान, प्रचलित कानुन तथा फौजदारी ऐनअनुसार धार्मिक भावना आहत पार्ने, धार्मिक सद्भाव भड्काउने तथा घृणा र विभाजन फैलाउने कार्य दण्डनीय अपराध हुने उल्लेख गर्दै ज्ञापनपत्रमा सम्बन्धित व्यक्तिमाथि कानुनी प्रक्रिया अघि बढाउन माग गरिएको छ ।“हामी शान्ति, सहअस्तित्व र धार्मिक सहिष्णुतामा दृढ विश्वास राख्छौं । तर धर्ममाथिको अपमान, आस्थामाथिको आक्रमण र समाजमा विष फैलाउने कार्यप्रति कुनै सम्झौता हुँदैन,” ज्ञापनपत्रमा भनिएको छ ।
उक्त विषयमा आवश्यक छानबिन गरी कानुनी कारबाही अगाडि बढाउन जिल्ला प्रशासन कार्यालय तथा जिल्ला प्रहरी कार्यालयलाई अनुरोध गरिएको छ ।

## कांग्रेस-एमालेले देश डुबाए हामी बनाउँछौं : खगेन्द्र सुनार

दैनिक समाचारदाता
काठमाडौं १० पुस । हाम्रो पार्टी नेपालका अध्यक्ष खगेन्द्र सुनारले नयाँ र वैकल्पिक शक्तिहरू मिल्नुको विकल्प नभएको बताएका छन् । काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहसँगको छलफलपछि सञ्चारकर्मीसँग कुरा गर्दै सुनारले यस्तो बताएका हुन् ।



‘कांग्रेस एमाले देश डुबाउन मिल्दैछन्, हामी बनाउन मिल्दैछौं’, सुनारको भनाइ छ । उनले नयाँ शक्तिहरूको एउटै चाहाना रहेको पनि बताए । उनले भने, ‘मरेका जेनजी र बाँचेका नेपालीको मुख हेर्ने हो । केपी ओलीको कब्जाबाट देश मुक्त गराउन र भोलि देशवासीको सुखका लागि हो । केपी ओलीको मुख र कांग्रेसको रुख देखिनुभएन ।’
उनले बालेनले सक्रिय राजनीतिमा आउने चाहाना राखेको भन्दै आफूहरूले रवि बालेन र कुलमानहरूलाई मिलेर जान सुझाव दिएको बताए ।




‘समाचार दैनिक जनकपुर’का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४